मध्यनेपाल नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ४, संख्याः६ , प्रकाशित मितिः २०७८।०३।२२

**भाग-२**

# कोभिड-१९ संक्रमितहरुको आइसोलेसन व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७८

**प्रस्तावना** : यस मध्यनेपाल नगरपालिकामा Covid-19 को संक्रमण परीक्षणबाट पुष्टी भई कोरोनाको कुनै लक्षण नदेखिएका तथा स्वास्थ्य अबस्था सहज भएको अबस्थामा स्वास्थ्यकर्मीको निगरानीमा आईसोलेसन वार्डमा राख्ने व्यवस्था मिलाउन आवश्यक भएकोले नेपाल सरकारको कोभिड-१९, संक्रमितहरुको आइसोलेसन सम्बन्धी स्वास्थ्य मापदण्ड, २०७७ भित्र रहेर स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम मध्यनेपाल नगर कार्यपालिकाले मिति २०७८।०२।२७ मा निर्णय गरी **कोभिड-१९ संक्रमितहरुको आइसोलेसन व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७८** जारी गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "**कोभिड-१९ संक्रमितहरुको आइसोलेसन व्यवस्थापन सम्बन्धी कार्यविधि,२०७८**" रहेको छ ।

(२) यस व्यवस्थापन कार्यविधि नगर कार्यपालिकावाट स्वीकृत भएको मितिवाट लागू हुनेछ ।

(३) व्यवस्थापन समिति भन्नाले दफा २ बमोजिम गठन भएको समितिलाई जनाउनेछ ।

२. **व्यवस्थापन समिति** :(१) आइसोलेसन वार्ड तथा कोभिड-१९ बाट संक्रमण भई भर्ना भएका बिरामीहरुको व्यवस्थापनको लागि देहाय बमोजिमको व्यवस्थापन समिति गठन गरिनेछ ।

(क) संयोजक - उप प्रमुख
(ख) सदस्य - प्रमुख प्रशासकिय अधिकृत
(ग) सदस्य - सम्बन्धित वडाको वडा अध्यक्ष
(घ) सदस्य - प्रतिनिधि, प्रशासन ाशाखा
(ङ) सदस्य - प्रमुख, इलाका प्रहरी कार्यालय भोर्लेटार ।
(च) सदस्य सचिव - स्वास्थ्य शाखा प्रमुख

(२) आवश्यकता अनुसार अन्य व्यक्ति/पदाधिकारीहरुलाई आमन्त्रित सदस्यमा बोलाउन सकिनेछ ।

३. **आइसोलेसन वार्ड :** (१) स्वास्थ्य मापदण्ड बमोजिम नगरपालिकाले व्यवस्थापन गरेको निश्चित ठाउँमा आइसोलेसन वार्ड तयार गरिनेछ ।

(२) आइसोलेसन वार्डमा आवश्यक पर्ने न्युनतम स्वास्थ्य सम्बन्धी सामाग्री तथा उपकरणहरु नगरपालिकाले व्यवस्थापन गर्नेछ ।

४. **बिरामी भर्ना :** (१) आइसोलेसन वार्डमा कोभिड-१९ बाट संक्रमण पुष्टि भई PCR Test Report Positive भएका लक्षण नदेखिएका बिरामीहरुलाई राखिनेछ ।

(२) दफा ४ (१) मा उल्लेख भएका बिरामीहरु भर्ना हुन अनिबार्य रुपमा सम्बन्धित वडा कार्यालयको सिफारिस हुनु पर्नेछ ।

(३) दफा ४ (२) बमोजिम वडा कार्यालयको सिफारिसको आधारमा नगरपालिकाको स्वास्थ्य शाखाले संक्रमित बिरामीको भर्ना गर्नु पर्नेछ ।

५. **बिरामीले पालना गर्नुपर्ने :** (१) आइसोलेसन वार्डमा भर्ना हुने बिरामीले देहाय बमोजिमको नियमहरु पालना गर्नुपर्नेछ ।

(क) भर्ना हुने बिरामीले आफुलाई चाहिने न्युनतम आवश्यक सामाग्री थाल, गिलास, तातोपानी राख्ने भाडा, कपडा, सिल्पर, ब्रस, टुथपेस्ट, टावेल आदिको व्यवस्था आफै गर्नु पर्नेछ ।
(ख) भर्ना भएका बिरामीले आफु सुत्ने बेड बाहेक अर्को बेडको बिरामीसँग भेट गर्न पाईने छैन ।
(ग) व्यवस्थापन समितिले तोकेको स्थानमा बाहेक भर्ना भएका बिरामी अन्यत्र बस्न पाउँने छैन ।
(घ) व्यवस्थापन समितिले तोकेको स्थानबाट खाना लिने, खाने र सो को सरसफाई आफै गर्नुपर्नेछ ।
(ङ) बिरामीलाई कुनै समस्या परेमा व्यवस्थापन समितिले तोकेको व्यक्ति वा स्वास्थ्यकर्मी समक्ष आफ्नो समस्या राख्नु पर्नेछ ।
(च) बिरामीले बाथरुम, शौचालय प्रयोग गरेपछि अनिबार्य रुपमा सो को सरसफाई एवं निर्मलिकरण आफैले गर्नु पर्नेछ ।
(छ) कुनै समस्या परेमा व्यवस्थापन समितिले तोकेको व्यक्ति वा फोनमा सम्पर्क गर्नु पर्नेछ ।

६. **स्वास्थ्य परामर्श :** (१) नगरपालिकाले भर्ना भएका बिरामीहरुको दिनमा कम्तिमा २ पटक (बिहान र बेलुका) स्वास्थ्य परिक्षण/परामर्श लिने व्यवस्था मिलाउने छ । स्वास्थ्य परिक्षण सम्बन्धी समय तालिका **अनुसूचि-१** बमोजिम हुनेछ ।

(२) दफा ६ (१) बमोजिम को स्वास्थ्य परीक्षण/परामर्शको लागि नगरपालिकाले स्वास्थ्यकमीलाई खटाउने छ ।

(३) दफा ६ (२) बमोजिम गरिने परिक्षणमा खटिने तोकिएको स्वास्थ्यकमीले भर्ना भएका बिरामीहरुको अबस्थाको बारे स्वास्थ्य शाखा प्रमुखलाई दैनिक रिपोर्ट पेश गर्नु पर्नेछ । त्यसरी प्राप्त हुने बिरामीहरुको स्वास्थ्य अबस्था सम्बन्धी रिपोर्ट स्वास्थ्य शाखा प्रमुखले नगर प्रमुख एवं प्रमुख प्रशासकीय अधिकृत समक्ष जानकारी गराउनु पर्नेछ ।

७. **खानपिन सम्बन्धी व्यवस्था :**(१) आइसोलेसन वार्डमा भर्ना भएका बिरामीहरुलाई दिनको ४ पटक स्वस्थ खाजा र खानाको व्यवस्था मिलाईनेछ ।

(२) बिरामीहरु तथा आइसोलेसन वार्डमा खटिने तोकिएको कर्मचारी तथा पदाधिकारीहरुलाई नगरपालिकाले खानाको व्यवस्थापन गर्नेछ ।

(३) कुनै दाताले आईसोलेसन वार्डको लागि नगद/जिन्सी सहयोग गर्न चाहेमा व्यवस्थापन समिति मार्फत दिन सक्नेछ ।

(४) आईसोलेन वार्डमा भर्ना भएका संक्रमित बिरामीलाई बसाई अवधिको २ पटक आफन्तको तर्फबाट अतिरिक्त खानेकुरा दिन चाहेमा दिन सक्ने व्यवस्था मिलाईनेछ ।


८. **सुरक्षा घेरा :**(१) आइसोलेसन वार्डमा भर्ना भएका बिरामीहरुको सुरक्षाको घेरा देहाय बमोजिमको तीन तहमा गरिनेछ। आइसोलेसन वार्डमा प्रबेश गर्नु पूर्व अनिबार्य रुपमा व्यवस्थापन समितिको स्वीकृत लिनु पर्नेछ।

(क) पहिलो तहको घेरामा स्वास्थ्यकर्मीहरु, सफाई र व्यवस्थाापन समतिले तोकिएको व्यक्ति बाहेक अन्यलाई पूर्ण रुपमा निषेध गरिनेछ।

(ख) दोश्रो तहको घेरामा व्यवस्थापन समितिका सदस्यहरुर सुरक्षाकर्मीहरुको मात्र प्रबेश रहनेछ।

(ग) तेश्रो तहको घेरामा व्यवस्थापन समितिले स्वीकृत दिएका अन्य व्यक्तिहरुलाई भिडभाड नगरी सामाजिक दुरीमा रहने गरी प्रबेश दिईनेछ।

(घ) दफा ८ (१) को (क) (ख) र (ग) को घेरा देहाय बमोजिम हुनेछ।




(२) आइसोलेसन वार्डमा भर्ना भएका बिरामीहरु भएका ठाउँमा जानको लागि व्यबस्थापन समितिले तोकेको गाउन वा पिपिई लगाएर स्वास्थ्य सुरक्षाको विधि अपनाएर मात्र जान दिईनेछ।

(३) आइसोलेसन वार्डमा भर्ना भएका बिरामीहरुका आफन्तहरुले बिरामीलाई भेट्न, सामान लिन/दिन वा कुनै जरुरी सूचना दिनुपर्ने भएमा मात्र व्यवस्थापन समितिलाई सम्पर्क गरी प्रबेश अनुमति लिएर मात्र आइसोलेसन वार्डमा प्रबेश गर्न सकिनेछ।

(४) संक्रमित र निजका परिवार वा आफन्त बिचको प्रत्यक्ष भेटघाटबन्द गराई मोबाईल फोनको प्रयोगबाट कुराकानी गर्ने व्यवस्था मिलाईने छ।

९. **बिरामीहरुलाई योग, ध्यान एवं व्यायम :**(१) आइसोलेसन वार्डमा भर्ना भएका बिरामीहरुलाई नियमित रुपमा योग, ध्यान एवं ब्यायमको लागि व्यवस्थापन गरिनेछ।

(२) दफा ८ (१) बमोजिमको योग, ध्यान एवं ब्यायम गर्नको लागि आइसोलेसन वार्डको बाहिर चौरमा स्वास्थ्य मापदण्ड बमोजिम कम्तिमा २ मिटरको दुरीमा गोलोघेरा बनाई योग, ध्यान एवं ब्यायम गराईनेछ।

(३) बिरामीहरु योग, ध्यान एवं ब्यायमको लागि बाहिर आउँदा जाँदा भिडभाड नगरी पालैपालो आउने जाने व्यवस्था स्वास्थ्यकर्मीले मिलाउनु पर्नेछ।

**१०. <u>आइसोलेसनमा रहँदा पालना गर्ने स्वास्थ्य सम्बन्धी मापदण्डः</u>**

- आइसोलेसनमा बस्ने संक्रमित तथा निजका परिवारका सदस्यहरुले देहाय बमोजिमको स्वास्थ्य मापदण्डहरुको पूर्ण रुपमा पालना गर्नु पर्नेछ।
- उपचार अवधिभरि बाहिर ननिस्कने र आवश्यक पर्ने सामग्रीहरु परिवारका सदस्यहरु मार्फत मगाउने।
- खानपानमा विशेष सावधानी अपनाई पर्याप्त मात्रामा पानी, झोलिलो र पोसिलो खानेकुराहरु खाने।
- आफुले प्रयोग गरेका भाडाहरु सुरक्षित रुपले सफा गर्ने र राम्रोसंग सुकेपछि मात्रै पुनः प्रयोग गर्ने।
- हातधुने बेसिनहरु संक्रमणको श्रोत हुनसक्ने भएको हुँदा दाँत माफ्ने ब्रस लगायतका सामानहरु बेसिन बाहेक छुट्टै स्थानमा राखेर प्रयोग गर्ने।
- ढोका, ढोकाका ह्यान्ण्डल, टेबल तथा अनय सामग्रहिरु जुन धेरै व्यक्रिहरुले चलाउने वा छुने सम्भावना रहन्छ ती सामानहरुको डिसइन्फेक्टेन्ट प्रयोग गरी नियमित सफ ागर्ने।
- समय समयमा हात साबुन पानीले राम्रोसंग सफा गर्ने वा धुने।
- भाँडाकुँडा कपडा धुँदा सफागर्दा सकेसम्म पञ्जा लगाएर धुने वा मसिनमा छुट्टै धुने र राम्रोसंग घाममा सुकाएर मात्र पुनः प्रयोग गर्ने।
- दिनमा कम्तीमा ३ पटक ज्वरो जाँच गरी रेकर्ड राख्ने।

**११. <u>आईसोलेसनबाट छुटने अवस्था :</u>**

देहायको अवस्थामा संक्रमित व्यक्ति आइसोलेसनबाट छुट्नेछन् ।

- लक्षणहरु तथा चिन्हहरु नदेखिएको (Asymptomatic Cases) केशको हकमा आईसोलेसनमा बसेको १४ दिन पछि ।
- सामान्य लक्षण तथा चिन्हहरु देखिएको (Mild Cases) केशको हकमा कम्तीमा १४ दिन पछि वा लक्षण तथा चिन्हहरु पुर्ण निको भएको ३ दिनपछि ।

१२. **फोहोर व्यवस्थापन :** (१) आइसोलेसन वार्ड तथा सो को वरिपरी नियमिति सरसफाई गर्ने व्यवस्था व्यवस्थापन समितिले मिलाउनु पर्नेछ ।

(२) आइसोलेसन वार्डमा हुने सबै फोहोरलाई संक्रमणजन्य फोहोर ठानी समुचित सावधानी अपनाई राम्रोसँग व्यवस्थापन गर्नुपर्नेछ ।

(३) फोहोर व्यवस्थापनको लागि चाहिने सामाग्री व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाले उपलब्ध गराउने छ ।

१३. **एम्बुलेन्सको व्यवस्था:** (१) आइसोलेसन वार्डमा भर्ना भएका बिरामीलाई कुनै किसिमको जटिल स्वास्थ्य समस्या देखा परेमा कोरोना संक्रमण सम्बन्धी उपचार गर्ने अस्पतालसँग स्वास्थ्य शाखा प्रमुखले समन्वय गरी तुरुन्त एम्बुलेन्समा राखी लाने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) दफा ११ (१) बमोजिम बिरामीलाई अस्पताल पठाउनु पर्ने अबस्था आएमा बिरामीको आफन्तहरुलाई समेत अग्रिम जानकारी स्वास्थ्य शाखा प्रमुख वा व्यवस्थापन समितिले गराउनु पर्नेछ ।

(३) संक्रमित बिरामीलाई अस्पताल पठाउँदा एम्बुलेन्स चालक र बिरामीसँग जाने व्यक्तिले स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी जानु पर्नेछ ।

(४) आइसोलेसन वार्डमा एउटा एम्बुलेन्स २४ घण्टा तयारी अबस्था राख्ने व्यवस्था व्यवस्थापन समितिले मिलाउनु पर्नेछ ।

१४. **विवरण अद्यावधिक गर्ने :** (१) आइसोलेसन वार्डमा भर्ना भएका बिरामी डिस्चार्ज भएपछि निजको विवरण अद्यावधिक गरी सो को प्रमाणिकरण खटिएका स्वास्थ्यकमीले गर्नु पर्नेछ ।

१५ **क्लिनिकल व्यवस्थापन :**

- आइसोलेसनमा रहेका हरेक संक्रमितको नियमिति स्वास्थ्य जाँच गरी व्यक्तिगत प्रोफाइलमा अभिलेख अद्यावधिक गरी राख्नु पर्नेछ ।
- आइसोलेसनमा रहेका हरेक संक्रमितको प्रत्येक दिन कम्तिमा तिन पटक (बिहानु, दिउँसो र बेलुका) शरीरको तापक्रम, नाडीको गति (पल्स रेट) श्वासप्रशवासको गति (रेस्पीरेटोरी रेट) र अक्सिजन स्याचुरेसन लिने र दीर्घ रोगीहरु तथा ४० बर्ष देखि माथिका सबैको कम्तिमा एक पटक रक्तचाप लिने व्यवस्था मिलाउनु पर्नेछ ।
- संक्रमितिले चिकित्सकको प्रिस्क्रीप्सन अनुसारको औषधि खाए नखाएको सुनिश्चत गर्ने र नियमित खाने औषधि सिद्धिएको भएमा सो को व्यवस्था मिलाएको हुन पर्नेछ ।
- प्रत्येक दिन कम्तिमा तीन पटक (बिहानु, दिउँसो र बेलुका) कोभिड सम्बन्धी वा अन्य कुनै पनि स्वास्थ्य समस्या भए नभएको विस्तृत स्वास्थ्य विवरण लिने व्यवस्था मिलाउनु पर्नेछ ।
- स्वास्थ्यकर्मीले आवश्यक ठानेमा वा संक्रमितिले कुनै पनि प्रकारको असजिलो महशुस गरेमा थप जाँच र निदान गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१६ **आगन्तुकको व्यवस्थापनः**

- संक्रमित र निजका परिवार वा आफन्त बिचको भेटघाट कार्य सकेसम्म कम गर्नु पर्नेछ ।
- संक्रमित र जिनका परिवार वा आफन्त बिचको संवादका लागि मोबाइल फोन प्रयोग गर्न उत्प्रेरित गर्ने ।
- संक्रमिति र निजका परिवार वा आफन्त बिच भेट गर्नेपर्ने भएमा २ मिटरको दुरी कायम हुने गरि आवश्यक व्यक्तिगत सुरक्षाका सामग्रीहरुको तापक्रम चेक जाँच गर्ने र निजहरुले अपनाउनु पर्ने सावधानीका उपायहरुबारे राम्रोसंग जानकारी दिनु पर्नेछ ।

अनुसूचि-१

(दफा ६ (१) सँग सम्बन्धित)

स्वास्थ्य परीक्षण सम्बन्धी समय तालिका

स्वास्थ्य परीक्षण गर्ने स्वस्थ्यकर्मीको नाम :

पद :

मिति :

समय : विहान …………… बजे

साँझ …………… बजे

बिरामीहरुको स्वास्थ्यको अवस्थाको बारेमा :
……………………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………………
…………
……………………………………………………………………………………………………………………………………
……………………………………………………………………………………………………………………………………
……………………………………………

बिरामी जाँच गर्नेको हस्ताक्षर:

कैफियत : स्वास्थ्यकर्मीले बिरामीको स्वास्थ्य अवस्थाको बारेमा केही जटिल भएमा माथि उल्लेख गर्नु पर्नेछ।

आज्ञाले

बैकुण्ठ प्रसाद सापकोटा

प्रमुख प्रशासकीय अधिकृत